सिकाई क्षेत्र :
भाषा र संचार

# संवाद, प्रकार्य, वाक्य र अर्थबोध




## तह २

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

यस सिकाइ सामग्रीमा भाषिक प्रकार्य र भाषाका शब्दभण्डारको प्रयोगसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । यसमा सिकारुले दैनिक व्यावहारिक कार्यकलापसम्बन्धी सोधिएका सरल प्रश्नहरूको उत्तर दिन, विभिन्न भाषिक प्रकार्य प्रयोग गरी छोटा संवाद गर्न र दैनिक व्यवहारमा प्रयोग हुने वाक्य पढ्न, लेख्न र अर्थ बताउन सिक्नुपर्छ। यसका लागि सिकारुले दैनिक व्यवहारमा लेखिएका सूचना तथा वाक्यमा आधारित भई सोधिएका प्रश्नको उत्तर दिने अभ्यास गर्नुपर्छ र दैनिक व्यवहारसँग सम्बन्धित सरल प्रश्न सोधी जानकारी लिन पनि सक्नुपर्छ। साथीसँग निर्धारित विषयमा संवाद गर्दा दैनिक जीवनमा आधारित सामान्य शब्द प्रयोग गरी साथी वा समूहमा संवाद गर्दा र आफ्ना अनुभव तथा दैनिक जीवनमा आधारित विषायवस्तुमा सन्दर्भ र परिवेश मिलाएर संवाद गर्दा यस्तो सिप विकास हुन्छ। सिकारुले दैनिक व्यवहारमा प्रयोग हुने भाषाको प्रयोग गरी साधारण अनुच्छेद लेख्न, लेखिएका अनुच्छेद पढी अर्थ बताउन र सरल भाषाका अनुच्छेद शुद्ध रूपमा पठन गरी तिनको मुख्य सन्देश बोध गरी साथीलाई बताउन पनि अभ्यास गर्नुपर्छ। यस सिकाइ सामग्रीमा यसै पक्षसँग सम्बन्धित विषयवस्तु समावेश गरिएको छ।

## सक्षमता

भाषिक प्रकार्य र भाषाका शब्दभण्डारको प्रयोग

## सिकाइ उपलब्धि

यस सिकाइ सामग्रीको अध्ययन तथा अभ्यासपछि सिकारु निम्नलिखित कार्यमा सक्षम हुने छन् :

» दैनिक व्यावहारिक कार्यकलापसम्बन्धी सोधिएका सरल प्रश्नहरूको उत्तर दिन
» विभिन्न भाषिक प्रकार्य प्रयोग गरी छोटा संवाद गर्न
» दैनिक व्यवहारमा प्रयोग हुने वाक्य पढ्ने, लेख्ने र अर्थ बताउन

## पाठहरू

पाठ १ : दैनिक व्यावहारिक कार्यकलापसम्बन्धी सोधिएका सरल प्रश्नको उत्तर

पाठ २ : विभिन्न भाषिक प्रकार्य प्रयोग भएका छोटा संवाद

पाठ ३ : अनुभव तथा दैनिक जीवनमा आधारित संवाद

पाठ ४ : वाक्य पठन, लेखन र अर्थबोध

## पूर्व सिकाई परिक्षण

**१. तलको चित्र हेरी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**



चित्र १.



चित्र २.

(क) चित्र १ मा मानिसहरूले के गरेका होलान् ?

(ख) चित्र २ मा मानिसहरुले के गरेका होलान् ?

(ग) तपाईंको समुदायमा पनि कुनै विषयमा यसरी कुराकानी हुन्छ ?

(घ) तपाईंका साथीसँग विशेष गरी कस्ता विषयमा कुराकानी हुन्छ ?

**२. तलको छोटो कथा पढ्नुहोस् र उत्तर भन्नुहोस् :**

रात पर्न लागेको थियो। अस्मिताका घरमा नुन सकिएको रहेछ। नुन किन्न जाने पसल टाढा थियो। उनले दुई घर पर की सुनमायालाई फोन गरिन् र भनिन्, "बहिनी आज हाम्रा घरमा नुन सकिएछ। दिउँसो थाहा भएन। पसल जान राति भइसक्यो। अलिकति पैँचो दिनु न। भोलि त किनेर तिरिहाल्छु।" कुरा टुङ्गिन नपाउँदै सुनमायाले भनिन्, "हैन कस्ताकी सन्तान दिदी तपाईं ? नुन पैँचो माग्नुहुन्न भन्ने थाहा छैन तपाईंलाई ? त्यही घर टाँसिएको पदमबहादुरसँग माग्नु नि।" पदमबहादुरसँग बोल्यो कि अस्मिताको घरमा रडाको मच्चिन्थ्यो। त्यसैले उनी पदमबहादुरसँग बोल्दिनथिन्। आज कस्तो समस्या पो आइलाग्यो।

(क) अब लेख्नुहोस्, यस घटनाकी अस्मिता तपाईं भएको भए के गर्नुहुन्थ्यो ?

.................................................................................................................................................

.................................................................................................................................................

(ख) के तपाईंका समुदायमा पनि यस्तो समस्या आइलाग्छ ? यस्तो बेलामा मानिसहरु के गर्छन् ?

.................................................................................................................................................

.................................................................................................................................................

**३. तपाईंको घरमा साँझमा एक जना जोगी आइपुगे । परिवारका सदस्यले उनलाई वास दिन चाहेनन् तर तपाईं उनलाई वास दिन चाहनुहुन्छ । यस्तो बेलामा तपाईं के के भनेर परिवारका सदस्यसँग कुराकानी गर्नुहुन्छ ? पाँच वाक्यमा लेख्नुहोस् :**

(क) ..............................................................................................

(ख) ..............................................................................................

(ग) ..............................................................................................

(घ) ..............................................................................................

(ङ) ..............................................................................................

**४. तलको सामग्री पढ्नुहोस् र यसमा के भन्न खोजिएको हो, परिवारका सदस्यलाई सुनाउनुहोस् :**

स्वास्थ्यलाई भिन्न भिन्न दृष्टिले हेरेको पाइन्छ । स्वास्थ्य रोगबाट मुक्त भएको अवस्था हो । यो मानिस र वातावरणबिचको उपयुक्त सन्तुलनको अवस्था पनि हो । यसलाई बिरामी नपरेको अवस्था वा दैनिक कार्य नियमित रूपले गर्न सक्ने अवस्था मानिन्छ । व्यक्ति स्वस्थ भएमा उसले उत्पादनशील कार्य गरी आफ्ना आवश्यकता पूरा गर्छ । स्वस्थ मानिसले सुखी जीवन बिताउन सक्छ । स्वास्थ्य स्थितिप्रति सकारात्मक भएमा परिवार, टोलछिमेक, समाज तथा राष्ट्रको उन्नति हुन्छ । असल स्वास्थ्य नै मानिसको जीवन हो । यसले व्यक्तिको सुन्दर भविष्यको निर्धारण गर्ने अवसर प्रदान गर्छ ।

(क) यसमा भन्न खोजिएका कुरा ..............................................................................................

..............................................................................................हुन् ।

**५. तपाईं स्थानीय सरसफाइ अभियानको संयोजक हुनुभयो भने तपाईंको समुदायलाई कसरी सफा बनाउनुहुन्छ ? आफ्ना विचार समेटी एक अनुच्छेद लेख्नुहोस् :**

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

तपाईंको उत्तर कति मिल्यो भन्ने जानकारी यसै मोडुलको पेज नं मा रहेको उत्तरसँग तुलना गर्नुहोस् । सबै उत्तर मिलेको भए राम्रो गर्नुभयो बधाई छ । यसबाट थाहा हुन्छ कि तपाईंलाई यस मोडुलका विषयवस्तु बारे जानकारी रहेछ । यदि तपाईंले एक वा दुई उत्तर मिलाउन सक्नुभएन भने पनि तपाईंले राम्रो प्रयास गरेकै हो । यदि तपाईंको उत्तर अधिकांश मिलेन भने पनि चिन्ता नगर्नुहोस् अब यस मोडुलमा धेरै कुरा सिक्ने छौँ ।

## पाठ १

# प्रश्नोत्तर र साथीसाग संवाद

आज गाउँमा चौतारीमा दिसान र सुमित्रा भेट भए । आज यिनीहरू गाउँमा अर्गानिक खेती कसरी उत्पादन गर्ने विषयमा छलफल गर्छन् :

**दिसान :** सुमित्रा, तिम्रा बाबाआमा के गर्नुहुन्छ ?

**सुमित्रा :** किन ?

**दिसान :** गाउँमा सबै तरकारी खेतीमा व्यस्त छन् । त्यसैले सोधेको नि !

**सुमित्रा :** घरमा आयआर्जनको स्रोत त खासै केही छैन । आफ्नै खेतबारीमा उत्पादन गरेको खानेकुराले जीवन चलिराछ ।

**दिसान :** अब आयआर्जन गर्ने उपाय पनि खोज्नुपर्ने हैन र !

**सुमित्रा :** गाउँमा सबै तरकारी खेती गरेछन् । त्यही पेसा गर्दा बजार भाउ नपाउने हो कि ।

**दिसान :** हैन अब अर्गानिक खेती गर्ने, अर्गानिक खेतीले बजार भाउ पाउन सक्छ ।

**सुमित्रा :** रासायनिक खेतीले जमिनको माटो बिगारिसक्यो ।

**दिसान :** अब त्यस माटालाई सुधार गर्नेतिर लाग्नुपर्छ । माटामा झारपात कुहाएर मिसाउने, गाउँमा पाइने असुरो, सिमली, गाईवस्तुका मलमुत्र राख्दै जाने हो ।

**सुमित्रा :** आज हाम्रो कुरा राम्रै पक्षमा भयो है दिसान ।

**दिसान :** अँ, अबको खेती अर्गानिक हुनुपर्छ । यसले मानव स्वाथ्यमा सुधार ल्याउँछ ।

**सुमित्रा :** म भरे बाबाआमासँग सल्लाह गर्छु अनि म तिमीलाई भन्छु ।

**दिसान :** बाबाआमा राजी हुनुभयो भने तरकारीका बिरुवामा म सहयोग गर्छु ।

**सुमित्रा :** अहिले छुटौं है दिसान ।

**दिसान :** हुन्छ । फेरि भेटौंला ल ।



## सिकाइ क्रियाकलाप

**१. माथिको कुराकानी पढेर ठिक उत्तर छान्नुहोस् :**

(क) दिसान र सुमित्राको कुराको विषय के थियो ?

(अ) तरकारी खेती

(आ) गाउँले जीवन

(ख) अब तरकारी खेती कसरी गर्ने भनिएको छ ?

(अ) अर्गानिक तरिकाले

(आ) रासायनिक तरिकाले

(ग) बिग्रेको माटामा कसरी सुधार गर्न सकिन्छ ?

(अ) कम्पोस्ट मलको प्रयोग गरेर

(आ) पुरानै शैलीमा खेती गरेर

२. आफैँ सोचेर जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| दिसान र सुमित्रा | रासायनिक मल |
| अर्गानिक खेती | साथी |
| रासायनिक खेती | जैविक मल |

३. पाठबाट तलका अर्थ जनाउने शब्द खोजेर लेख्नुहोस् :

| शब्द | अर्थ |
|---|---|
| (क) .................. | आम्दानी बढाउने काम |
| (ख) ................... | उब्जाएर तयार पारिएको वस्तु |
| (ग) ................... | प्राकृतिक मल, वनस्पति आदिको प्रयोगबाट उत्पादित |
| (घ) ................... | रसायनको प्रयोग भएको |

४. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) सुमित्राको जीवन कसरी चलेको छ ?

.............................................................................................................................................

(ख) कस्तो खेतीले बजार पाउँछ ?

.............................................................................................................................................

(ग) माटाको सुधार कसरी गर्न सकिन्छ ?

.............................................................................................................................................

(घ) अर्गानिक खेतीको फाइदा लेख्नुहोस् ।

.............................................................................................................................................

(ङ) के भएमा दिसानले तरकारी खेतीमा सहयोग गर्छ ?

.............................................................................................................................................



## अन्तरक्रियात्मक क्रियाकलाप

**१. परिवारका सदस्यसँग सोधेर तलको शब्दको अर्थ बुझी वाक्यमा प्रयोग गर्नुहोस् :**

(क) पातपतिङ्गर : ..........................................................................................

(ख) अर्गानिक : ...............................................................................................

(ग) रासायनिक : ..............................................................................................

(घ) आयआर्जन : ..............................................................................................

**२. परिवारका सदस्यसँग सल्लाह गरेर तलको संवाद पुरा गर्नुहोस् र साथी र तपाईं भएर कुराकानी गर्नुहोस्**

अम्बालिका : अमृतहरि, यो बगैँचामा हेर त ! तिमी के के देख्छौ ?

अमृतहरि : तिमीले कस्तो कुरा गरेको ! बगैँचामा .............................................. ?

अम्बालिका : होइन अमृत, बगैँचामा बिरुवाका मात्र हुँदैनन् । ..................................... नि । यहाँ हेर न, यो फूलमा पुतली बसेको छ ।

अमृतहरि : पुतली मात्र होइन, .................................. पनि देखेँ ।

अम्बालिका : हिजो हामी सिकाइ केन्द्रबाट फर्किँदै गर्दा जीवन दाइ बगैँचाका यी बिरुवालाई ................... ................ हुनुहुन्थ्यो ।

अमृतहरि : आज बिहान म पसल आउँदा त उहाँ ..................................... हाल्दै हुनुहुन्थ्यो ।

अम्बालिका : माटामा उम्रिएका बिरुवालाई हुर्कन ...................... चाहिन्छ । बिरुवाले वातावरणबाट हावा, पानी र मल लिन्छ ।

अमृतहरि : बिरुवाले खाना बनाउँदा फाल्ने .......... सजीवले सास फेर्न प्रयोग गर्छन् । पुतलीले फूलको रस चुस्दा ................लाई अर्को फूलमा सार्न मदत हुन्छ ।

अम्बालिका : जनावरहरूले सास फेर्दा फालेको .......................... ग्याँसचाहिँ बिरुवालाई खाना बनाउन चाहिन्छ नि !

अमृतहरि : गँड्यौलाले माटो खुकुलो बनाइदिँदा ......................हुन्छ ।

अम्बालिका : सजीव वस्तुले पनि .................... वस्तुलाई सहयोग गर्छन् नि । हावा, पानी, माटाको अवस्था बिग्रन नदिन मानिसले ...................... ध्यान दिन्छन् ।

**३. मन्दिर गएर फर्केका कसैलाई तलका प्रश्न सोध्नुहोस् र प्राप्त उत्तर लेख्नुहोस् :**

(क) तपाईं कुन मन्दिर जानुभयो ?

(ख) मन्दिर कोसँग जानुभयो ?

(ग) मन्दिर जाँदा साधन चढ्नु भयो कि हिँडेर जानुभयो ?

(घ) मन्दिरको परिवेश कस्तो थियो ?

(ङ) मन्दिरको बारेमा लेखिएको किंवदन्ती पढ्नुभयो ?

(च) मन्दिर दर्शन गरेर फर्कँदा मनमा के कुरा खेले ?

(छ) मन्दिरको बारेमा सोध्न मन लागेका कुरा कसैलाई सोधनुभयो ?

(ज) तपाइँ मन्दिरबाट कतिबेला फर्कनुभयो ?

(झ) घरमा पुगेपछि तपाईंले कस्तो अनुभव गर्नभयो ।

(ञ) यस मन्दिर पुगेर आएपछि समय निकालेर फेरि कुनै ठाउँ घुम्न जाऊँ जाऊँ भयो कि भएन ?

**४. तपाईंको समुदायमा मानिसहरु कुन कुन तरकारीको खेती गर्छन् ? त्यसलाई आधार बनाएर तरकारी खेती शीर्षकमा एउटा अनुच्छेद तयार पार्नुहोस् :**

**तरकारी खेती**

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

..............................................................................................................................................

.......................................................................................

**तलको अनुच्छेद पढ्नुहोस् र उत्तर दिनुहोस् :**

शनिबारको दिन थियो । गर्मी महिना बाहिर घाम लागिसकेको थियो । घरमा आमाले कोदो रोप्ने खेताला बोलाउनुभएको रहेछ । त्यसकारण आमा चाँडै उठ्नुभएको रहेछ । मेरो काम खेतालालाई खाजा बनाउने थियो । मैले आमासँग सोधेँ, “के खाजा बनाउने आमा ?” आमाले भन्नुभयो, “आकाशमा बादल छैन । बिहानदेखि घाम चर्केको छ । आज खाजा शीतल हुने खालको खाजा बनाऊ । मकै छोडाएर राखेको छ । बाहिर आगो फुक । बाक्लो भाँडो खोजेर पानी धेरै राखेर बसाल । अचार गुन्द्रुक साँध । दिनको तीन बजे खाजा लिएर आऊ । बिच बिचमा खाने पानी पनि लिएर आऊ ।”

(क) म पात्र र आमाबिच कुन विषयमा कुराकानी भयो ?

..............................................................................................................................................

(ख) छोरीले आमालाई के भनिन् ?

..............................................................................................................................................

(ग) आमाले छोरीलाई के भन्नुभयो ?

..............................................................................................................................................



## खोज क्रियाकलाप

**१ समुदायमा रहेका  पाँच जना मानिसलाई सोधेर तलको तालिका भर्नुहोस् :**

| क्र.सं | नाम | पेसा | पेसा गर्न अपनाएको तरिका |
|---|---|---|---|
| १ | श्री हरेन्द्र बोटे | कृषि | अर्गानिक खेती |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |



## अभ्यास क्रियाकलाप

**१. दैवज्ञराज न्यौपानेको किसानको रहर कविता पहिले आफूले लय हालेर पढ्नुहोस् र साथीलाई पनि सुनाउनुहोस्। त्यसपछि तलका प्रश्नको उत्तर दिनुहोस् :**

सानो छ खेत सानो छ बारी सानै छ जहान
नगरी काम पुग्दैन खान साझ र बिहान

बिहानपख झुल्किन्छ घाम देउराली पाखामा
असारे गीत घन्किन्छ अनि सुरिलो भाकामा

काँधको शोभा हलो र जुवा हातमा कोदाली
जीवन धान्न गर्नै नै पर्ने उकाली ओराली

छुपु र छुपु हिलोमा धान रोपेर छोडौँला
बनाई कुलो लगाई पानी आएर गोडौँला

भनेर सानी पटुकी रातो बाँधेर झरेकी
धमिलो खोला बाढीले होला कसरी तरेकी ?

गालामा साना पसिना दाना मोतीझैँ खुलेकी
घाम र पानी भोक र तिर्खा कसरी भुलेकी

सुसेली हाली बयेली खेल्छ बतास रातमा
जूनले पोख्छ शीतका थोपा धानका पातमा

सुनौला बाला झुलेर होला भुइँलाई छोएको
फलेको हाँगो कहिले छ र ननुही रहेको ?

हिमाल हाँस्छ मिलाई सेता दाँतका लहर
किसान बनी जहान पाल्ने यो मेरो रहर ।

१. माथिको कविता पढेर तलका उत्तर दिनुहोस् :

(क) के नगरे खान पुग्दैन ?

(ख) सानी के गर्न कता हिँडेकी हो ?

(ग) घान कसरी रोपिन्छ ?

(घ) धानको बाला किन झुलेको हो ?

(ङ) किसानले के रहर गरेको छ ?

२. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| शब्द | अर्थ |
|---|---|
| देउराली | काम गराइ वा पढाइको लय |
| भाका | सुन्दरता |
| बाला | समुद्री सिपीबाट बन्ने रत्न |
| शोभा | धान, गहुँ बालीमा हावा चल्दा देखिने लहर |
| मोती | धानका झुप्पा |
| सुसेली | थुम्की वा भन्ज्याङ परेको ठाउँ |
| बयेली | सुसेलेको आवाज |

३. यस कवितावाट साथीलाई सोध्न पाँचओटा प्रश्न बनाउनुहोस् :

(क) ........................................................

(ख) ........................................................

(ग) ........................................................

(घ) ........................................................

(ङ) ........................................................

४. तलका जोडी शब्द पढ्नुहोस् र त्यस्तै जोडी शब्द लेख्नुहोस् :

जस्तै : सुरिलो भाका = गुलियो चाका

काँधको शोभा = ..................................

धमिलो खोला = ..................................

पसिना दाना = ..................................

शीतका थोपा = ..................................

सुनौला बाला = ..................................

फलेको हाँगो = ..................................

दाँतका लहर = ..................................

५. शब्दकोश हेरेर वा कसैलाई सोधेर अर्थ बुझ्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

(क) बजार भाउ नपाउनु : ..................................................................

(ख) माटो सुधार गर्नु : ..................................................................

(ग) स्वाथ्यमा सुधार ल्याउनु : ..................................................................

(घ) सल्लाह गर्नु :..................................................................

(ङ) सहयोग गर्नु : ..................................................................

(च) फूलको रस चुस्नु : ..................................................................

(छ) अवस्था बिग्रन नदिनु : ..................................................................

६. तलका वाक्यलाई शुद्ध बनाई लेख्नुहोस् :

(क) राम र सीता मिल्थ्यो ।

(ख) मन्दिरमा शङ्खघण्टा थियो ।

(ग) भाइ चउरमा खेली ।

(घ) दिदी माइत आइन् ।

७. तल दिइएका वाक्य मिलेका छैनन्, मिलाएर लेख्नुहोस् :

(क) बहिनी जान्छे विद्यालय ।

................................................

(ख) आमा बारीमा गइन् ।

...................................................

(ग) किताब पढ्ने बसाल बानी ।

........................................................

(घ) भाइले खेल खेली ।

........................................................

(ङ) घरमा पाहुना आयो ।

........................................................

८. तल दिइएको अनुच्छेद पढ्नुहोस् र नामका प्रकार छुट्याउनुहोस् :

राम सत्यवती सिकाइ केन्द्रमा पढ्छ । उसको घर थर्पं बजारमा पर्छ । रामका बाबा जागिरे हुनुहुन्छ । बाबाको अफिस पोखरा हो । रामका बाबाले जागिरका कारण विभिन्न जिल्ला घुम्नुभएको छ । उहाँले तनहुँ, पर्वत, बागलुङ र मनाङमा रहेर सेवा गर्नुभयो । गत साल उहाँले राम र बहिनीलाई मुस्ताङ घुमाउन लैजानुभयो । उनीहरूले नजिकबाट माछापुछ्रे, अन्नपूर्ण हिमाल देखे । रामका बाबा अफिसबाट शुक्रबार घर आउनुहुन्छ । घरमा आउँदा चकलेट, बिस्कुट, फलफूल लिएर आउनुहुन्छ । हाम्रो पढाइलेखाइमा ध्यान दिनुहुन्छ । कसैको रिसराग गर्नु हुँदैन भन्नुहुन्छ ।

| **व्यक्तिवाचक नाम** | **जातिवाचक नाम** | **द्रव्यवाचक नाम** | **समूहवाचक नाम** | **भाववाचक नाम** |
|---|---|---|---|---|
| | | | | |

९. तलका वाक्यहरू पढी ठिक भए ( ) बेठिक भए बेठिक ( ) चिह्न लगाउनुहोस् :

(क) म, हामी प्रथम पुरुष सर्वनाम हुन् । ( )

(ख) तँ, तपाईं, तिमी द्वितीय पुरुष सर्वनाम हैनन् । ( )

(ग) ऊ, उनी, उनीहरू तृतीय पुरुष सर्वनाम हुन् । ( )

(घ) तँ प्रथम पुरुष सर्वनाम हो । ( )

१०. तल दिइएको कथा पढ्नुहोस् र दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :

एउटा गाउँमा रिता नाम गरेकी महिला बस्थिन् । उनका श्रीमान् विदेशमा थिए । छोराछोरी सहरमा उच्च शिक्षा अध्ययनका लागि बस्थे । रिता घरमा प्रायः एक्लै हुन्थिन् । उनलाई सधैँ एक्लै बस्दा नियास्रो लाग्थ्यो । छोराछोरी लामो छुट्टीमा मात्र घर आउँथे । उनीहरू केही समय बसेर फर्किहाल्थे । उनी विदेश गएको पति घर आउने दिन गनेर बस्थिन् । रिताको घर वरिपरि एउटा सेतो बिरालो घुमिरहन्थ्यो । एक्लो हुनाले बिरालाको म्याउँम्याउँ पनि उनलाई झर्को लाग्दैनथ्यो । बिरालो कराएन भने शून्य लाग्थ्यो । रिता बिरालालाई मन पर्ने दुधभात दिन्थिन् । यसो गर्दागर्दै बिरालो रितासँग नजिक भयो । त्यो दिनभर घर कुरेर बस्थ्यो । साँझमा रितासँग अँगेनाको वरिपरि हुन्थ्यो । आजभोलि रिता बिरालो घरमा भएन भने आत्तिन्छिन् । कता गयो भनी खोज्न हिँड्छिन् ।

प्रश्न

(क) रिताले किन एक्लो महसुस गरिन् ? कथालाई आधार बनाएर लेख्नुहोस् :

(ख) मानिसले किन प्राणीलाई माया गर्छ होला ?

(ग) तपाईंका कुनै साथी वृद्ध आमाबालाई छाडेर सहर गएका छन्। तिनलाई बाआमालाई त्यसरी नछाड्न सुझाव दिनुपर्‍यो भने तपाईं के भन्नुहुन्छ ? लेख्नुहोस् :

...........................................................................................................................................

...........................................................................................................................

११. खाली ठाउँमा उपयुक्त शब्द राखी कथा पूरा गर्नुहोस् :

एउटा गाउँमा सानो घर थियो। उनको घरमा सानो पप्पी ..............। उनी र पप्पी साह्रै मिल्नु ...........। पप्पी भकुन्डो ................. । ...........साइकल कुदाउँथें। एकदिन पप्पी हरायो ।........................................कुरा आमालाई भने। आमा र म भएर दिनभर ...................................। पप्पी कतै भेटिएन। मलाई नरमाइलो लाग्यो ।..........................कुदाउन मन पनि लागेन। साँझमा बाबा घरमा आउनुभयो। मैले ........................हराएको कुरा बाबालाई भने। बाबाले भन्नुभयो, "पप्पी त .....................सँगै पो गएछ।" मलाई देखेर पप्पी दौडेर आयो। मैले ..................... अँगालो हालें। अबदेखि मलाई छलेर नजाऊ है भनेर सम्झाएँ। कुरा बुझेर मात्र तनाव लिनुपर्छ भन्ने बुझें।

१२. तलको चित्रको वर्णन गरेर एक अनुच्छेद लेख्नुहोस् :



...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................

...........................................................................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

तरकारी खेती गर्दा चाहिने सामग्रीको सूची बनाउनुहोस् :

..................................................................

..................................................................

..................................................................

..................................................................

..................................................................

..................................................................



## स्वप्रेरित क्रियाकलाप

**युट्युबमा गएर तरकारी खेती गर्ने तरिका हेर्नुहोस् ।**

# पाठ २

# भाषिक प्रकार्यको प्रयोगसहित संवाद

डोल्मा अनौपचारिक सिकाइ गरिरहेकी छन् । उनलाई गीत गाउन, नाच्न र पुस्तकालयमा गएर नयाँ नयाँ किताब पढ्न मन लाग्छ । उनको यो उत्साह र रुचि देखेर गाउँका एक कविले भने :

कवि : डोल्मा यसपालिको प्रजातन्त्र दिवसका दिन एउटा कविता वाचन कार्यक्रम छ । यसमा गाउँका जसले पनि भाग लिन पाउँछन् । भाग लिने होइन त ?

डोल्मा : मलाई कविता लेख्नै आउँदैन । के सुनाउने र कविज्यू ।

कवि : आफूले लेख्न जाने त्यही सुनाउने, नजाने अरुले लेखेको सुनाए पनि हुन्छ । यो कविता लेखन होइन, वाचन प्रतियोगिता हो ।

डोल्मा : ए ...सुनाऊँ त ? ।

कवि : सुनाएर प्रथम हुनुपर्छ । मौका छाड्नुहुन्छ त । अवसरले मानिसलाई सफल बनाउँछ । ल आउनु है एउटा कविता लिएर ।

उनले कविता सुनाउनुपर्ने नै भयो । उनी सामुदायिक सिकाइ केन्द्रको पुस्तकालय गइन् । त्यहाँ उनले लेखनाथ पौड्यालको नैतिक दृष्टान्त कविता भेटिन् । उनलाई यही कविता वाचन गर्न मन लाग्यो । उनले कविता कापीमा टिपिन् ।

उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर
फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र !
दबिन्छ गुणिको दोष गुणका रासमा परी
रश्मिले चन्द्रको दाग दबाएकै छ बेसरी ।
मिलेर काम गर्नाले हुन्छ अत्यन्त फाइदा
एकता हेर कस्तो छ मौरीका महमा सदा ।
मूर्खका मनमा अर्ती गालीतुल्य बिझाउँछ
दुधपान गरी सर्प खालि विष बगाउँछ ।

..............................................

डोल्मा : (घरतिर जाँदै) म यो कविता लय हालेर गाउन सिक्नुपर्‍यो । (कवि चेतनसँग भेट) दाइ, दाइ यो कविता गाउन सिकाइदिनु न । वाचन प्रतियोगितामा जानु छ

चेतन : ए सजिलो छ नि यो कविता गाउन । यसरी गाउने ....
उपकारी गुणी व्यक्ति ...(यहाँ रोकिने) ... निहुरन्छ निरन्तर । यसै गरी सबै हरफ गाउने हो नि । ल गाइहेर त ।

डोल्मा : उपकारी गुणी व्यक्ति ...(यहाँ रोकिने) ... निहुरन्छ निरन्तर ।
फलेको वृक्षको हाँगो ...............नझुकेको कहाँ छ र !

उनले लय हालेर गाउने अभ्यास गरिन् । उनी कविता वाचन प्रतियोगितामा गइन् । कविता लय हालेर गाइन् र दोस्रो पुरस्कार पाइन् ।



## सिकाइ क्रियाकलाप

**१. यस कवितामा कवि, डोल्मा र चेतनले बोलेका छन् । यसलाई ख्याल गरेर उत्तर लेख्नुहोस् :**

(क) कविले डोल्मासँग के भने ?

..................................................................

(ख) डोल्माले कविसँग के भनिन् ?

..................................................................

(ग) डोल्माले चेतनसँग के भनिन् ?

..................................................................

(घ) चेतनले डोल्मासँग के भने ?

..................................................................

**२. कसले के गर्छ ? कविता पढेर र उदाहरण हेरेर लेख्नुहोस् :**

| | |
|---|---|
| उदाहरण : उपकारी गुणी व्यक्ति ? | निहुरन्छ |
| फलेको वृक्षको हाँगो ? | .................... |
| गुणीको दोष ? | .................... |
| मिलेर काम गर्दा ? | .................... |
| एकता कहाँ हुन्छ ? | .................... |
| मूर्खका मनमा अर्ती ? | .................... |
| सर्पले दुधपान गरेर ? | .................... |

**३. कवितामा बिझाउँछ ...बगाउँछ जस्ता गाउँदा सजिलो हुने शब्द परेका छन् । तपाईं पनि यस्तै शब्द लेख्नुहोस् :**

सिकाउँछ ..................

रोप्छ ..................

गाउँछ ..................

मिलाउँछ ..................

फुलाउँछ ..................

**४. तलको अनुच्छेद पढ्नुहोस् र आफूले बुझेका कुरा लेखेर साथीलाई सुनाउनुहोस् :**

उपकारी र गुणी व्यक्ति सधैँ निहुरन्छ । फलेको रुखको हाँगो सधैँ झुक्छ । गुणका रासमा परेर गुणीको दोष दबिन्छ । चन्द्रमाको दाग पनि प्रकाशले दबाएको छ । मिलेर काम गर्दा धेरै फाइदा हुन्छ । मौरीले मह बनाउन एकता गरेको कुराबाट यो पुष्टि हुन्छ । मूर्खलाई अर्ती दियो भने उसले त्यसलाई गाली सम्झिन्छ । सर्पलाई दुध खुवायो भने पनि त्यसले विष नै ओकल्छ । यसैले मानिसले विचार गरेर काम गर्नुपर्छ ।

(क) यो अनुच्छेद पढेर मैले यस्तो बुझेँ : ............................................................................

.............................................................................................................................. ।



## अन्तरक्रियात्मक क्रियाकलाप

**१. मङ्गलमान आफ्नो छोरो पढ्ने विद्यालयमा गए । विद्यालयमा पढाइ भइरहेको थियो । उनले चाख मानेर पढाएको सुने । गुरुआमाले के पढाउनुभयो, तपाईं पनि तलको संवाद पढेर बुझ्नुहोस् :**

(आज गुरुआमा अभिवादन शीर्षकमा केटाकेटीहरूलाई संवाद गराउँदै हुनुहुन्छ । कक्षामा युगल शर्मा, श्याम दरै, डोल्मा थकाली, अर्विन तामाङ, युनिक गुरुङ, सुकबहादुर आले, श्रेङ्ग श्रेष्ठ, कविता पौडेल, हृदान क्षेत्री छन् । यिनीहरू अभिनयमा भाग लिँदै छन् : )

गुरुआमा : युगल तिम्रो घरमा तिमीले मान्ने मानिस आए तिमी के गर्छौ ?

युगल : गुरुआमा, हामी ब्राह्मण समुदायका हौँ त्यसैले म नजिकै गएर नमस्कार भन्छु ।

गुरुआमा : श्याम, तिमी नि ?

श्याम : हामी दरै हौँ । सेवाबाटै भन्छु म त ।

गुरुआमा : डोल्मा तिम्रो भाषामा नि ?

डोल्मा : हामी थकाली भाषा बोल्छौँ । हामी त होर्छे भन्छौँ ।

गुरुआमा : अर्विन ?

अर्विन : हजुर गुरुआमा । आफ्नै उमेरका साथीभाइ आए भने हामी तामाङहरु उनीहरुलाई लास्लो भन्छौँ । आफूभन्दा ठुलाबडालाई फ्याफुल्ला भन्नुपर्छ ।

गुरुआमा : युनिक ?

युनिक : म त गुरुङ हुँ । फ्याफुल भन्छु गुरुआमा ।

गरुआमा : सुकबहादुर, तिमी के भन्छौ नि ?

सुकबहादुर : हामी मगरहरु त भोर्ले भन्छौँ गुरुआमा ।

गुरुआमा : कविता तिमी के भन्छ्यौ ?

कविता : गुरुआमा, म नमस्कार नै भन्छु । ब्राह्मणहरुले त नमस्कार भनेर अभिवादन गर्छन् ।

गुरुआमा : हृदान चाहिँ के भन्छौ नि ?

हृदान : म पनि नमस्कार नै भन्छु ।

गुरुआमा : अनि कविताका घरमा चाहिँ के गरिन्छ नि ?

कविता : गुरुआमा मैले त घरमा फरकफरक अभिवादन गरेको देख्छु /सुन्छु । भाउजूले सहरबाट आमालाई फोन गर्दा आमा ढोग गरेँ भन्नुहुन्छ । दिदीहरु आमालाई दर्शन भन्नुहुन्छ ।

गुरुआमा : हो नि है । जातिअनुसार अभिवादन गर्ने आआफ्नै तरिका र शब्द हुन्छन् । आज हामीले जातिविशेषका अभिवादनकला सिक्यौँ । भोलि सबैका पहिरन, संस्कार, चाडपर्वका बारेमा छलफल गरौँला आजलाई यतिमात्र है ।

**२. माथिको पाठ पढेर अभिवादन गर्दा कसले के भन्छन्, मिल्दो उत्तर छानी जोडा मिलाउनुहोस् :**

| जाति | अभिवादनका शब्द |
|---|---|
| क्षेत्री | फ्याफुल्ला |
| मगर | सेवाबाटै |
| दरै | नमस्कार |
| तमाङ | झोर्ले |
| थकाली | फ्याफुल |
| गुरुङ | होर्छे |

**३. तलको कविता दैवज्ञराज न्यौपानेले लेखेका हुन् । पढ्नुहोस् र यसमा के भनिएको छ, बुझ्नुहोस् । यो कविता खासमा कसलाई सुनाइन्छ होला ?**

कानाकाना कुर्र, नानी दौड्यो खुर्र
चरी उड्यो भुर्र, कानाकाना कुर्र ।

माथि बादल लाग्यो, तल घाम लाग्यो
बतास चल्छ हुर्र, कानाकाना कुर्र ।

फूल राम्रो बेली, यस्तै खेल खेली
मन हुन्छ फुर्र, कानाकाना कुर्र ।

**४. तलको अनुच्छेद पढी यसमा के भन्न खोजिएको हो, मुख्य कुरा टिप्नुहोस् र आफ्ना घरका परिवारलाई सुनाउनुहोस् :**

देशमा कोरोना रोग फैलिएपछि मानिसहरू सचेत छन् । बाहिर निस्कँदा मास्क लगाएर निस्कन्छन् । साथीभाइसँग हात मिलाउने चलन नमस्कार गर्ने अभिवादनमा परिवर्तन भयो । मानिसहरू आफ्नै करेसाबारीमा तरकारी खेती गर्न लागे । भाडामा बस्नेहरू कौसी तरकारी लगाउन थाले । तरकारी केलाएर निस्केको फोहोर, घरआँगन बढालेर निस्केको फोहोर मलको रुपमा प्रयोग हुन थाल्यो । कति त बिहानी भ्रमणमा निस्कँदा खुला चउरबाट गाईभैँसीको गोबर बटुलेर ल्याउनुहुन्छ । त्यसलाई बिरुवाको फेदमा राखिदिनुहुन्छ ।

मुख्य कुरा : ......................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**५. परिवारमा सल्लाह गरेर एक एक वाक्यमा उत्तर लेख्नुहोस् :**

(क) तपाईंको घर कुन प्रदेशमा पर्छ ?

..................................................................................

(ख) तपाईंको घर नजिक रहेको प्रसिद्ध मन्दिर कुन हो ?

.................................................................

(ग) तपाईंको समुदायमा कुन कुन जातिको बसोबास रहेको छ ?

.......................................................................

(घ) तपाईंका छिमेकी कुन कुन पर्व मनाउँछन् ?

....................................................................



## खोज क्रियाकलाप

**१. डोल्माले जस्तै तपाईं पनि आफूलाई मन पर्ने कविता वा कथा पुस्तकालय वा सामाजिक सञ्जालबाट सङ्कलन गर्नुहोस् र सिकाइ केन्द्रमा साथीहरुलाई सुनाउनुहोस् ।**

**२. छलफल गरेर तलको तालिका भर्नुहोस् :**

| धर्मावलम्बी | धार्मिक स्थल | धार्मिक कार्य |
|---|---|---|
| हिन्दु | शिव मन्दिर | शिव भगवान्को पूजा |
| बौद्ध | | |
| इस्लाम | | |
| इसाई | | |
| किरात | | |
| शिख | | |

**३. दिइएको निमन्त्रणा पत्र पढ्नुहोस् । तपाईंका घरमा आउने अरु पनि निमन्त्रणा पत्र पढ्नुहोस् र यस्तै एउटा निमन्त्रणा पत्र बनाउनुहोस् :**

हार्दिक निमन्त्रणा

श्री ........................ ज्यू,

हाम्रा आयुष्मान् सुपुत्र रहमान खानको दमौली नगरपालिका ३, तनहुँ निवासी सुन्दर मगर र सावित्री मगरकी आयुष्मती सुपुत्री सुनन्दा मगरका साथ सुसम्पन्न हुने शुभविवाहमा उपस्थित भई वरवधूलाई आशीर्वाद प्रदान गरिदिनुहुन हार्दिक निमन्त्रणा गर्दछौँ ।

कार्यक्रम

जन्ती प्रस्थान : मिति २०८० वैशाख ३ गते

प्रीति भोज : मिति २०८० वैशाख ५ गते

स्थान : निजी निवास, तनहुँ

दर्शनाभिलाषी

काकाकाकी : अब्दुल/आशिका खान

दाजुभाउजू : रन्जित/रनजी खान

तथा समस्त खान परिवार

प्रार्थी

मुजाहद्दिन/ खालिदा खान



## अभ्यास क्रियाकलाप

**१. तलको चित्र हेरी त्यहाँ देखाइएका कुरा समेटी दुई जनाबिचको छोटो संवाद तयार पार्नुहोस् :**



## २. तलको चित्र हेरी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :







(क) चित्रमा घरको अवस्था कस्तो छ ?

.................................................................

(ख) बालबालिका के गरिरहेका छन् ?

.................................................................

(ग) छिमेकीहरू किन दौडधुप गरेका होलान् ?

.................................................................

## ३. तल दिइएको गीत पढी साथीलाई सुनाउनुहोस् :

हे .............. शब्द, वाक्य अनुच्छेद सुनाऊ तिम्रो साथीलाई
यति भए तह दुई पूरा हुन्छ है ।
हेहे ...... वाक्य पूरा भएपछि पूर्णविराम दिने है ।
धेरै पद, पदावली अल्पबिराम है ।
हेहे .........अर्धविराम चिह्नलाई नि ख्याल गरेर हेर
हर्ष, बिस्मात्, शोक, रोदन उदगार चिह्न  है ।
हेहे... उद्धरण चिह्न पनि आउँछन् कतै
छरिएर रहेका छन् खोजी हेर है ।

## ४. तल दिइएका चिह्नको नाम लेख्नुहोस् र तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :

। : .....................................................

? : ...................................................

! : ...................................................

,              : .......................................................
“    ”         : ....................................................
‘        ’    : ..........................................................
( )            : ..........................................................

**५. तल दिइएको अनुच्छेद पढेर मुख्यमुख्य बुँदा टिपोट गरी साथीलाई सुनाउनुहोस् ।**

सन्त थापाको घर गण्डकी प्रदेशमा पर्छ । यस प्रदेशमा ११ जिल्ला छन् । ब्राह्मण, क्षेत्री, दमाई, कामी, सार्की, थक(ाली, तमाङ, दरै, बोटे, कुमाल, दुरा, गुरुङ, मगर, मुसलमान जातिको बसोबास रहेको छ । सबैको आआफ्ना भाषा धर्म संस्कृति छन् । यस प्रदेशको प्रसिद्ध धार्मिक स्थल मुस्ताङमा रहेको मुक्तिनाथ मन्दिर हो । यस मन्दिरमा स्वदेशी, विदेशी धार्मिक पर्यटक आउँछन् । यस क्षेत्रको प्रमुख खेती धान, मकै, गहुँ, कोदो आदि हुन् । यस प्रदेशको मुख्य सहर पोखरा हो । यो साततालको नामले प्रसिद्ध छ । यस प्रदेशका विभिन्न मठ मन्दिर, तालतलैयाले आन्तरिक र बाह्य पर्यटकलाई मोहित बनाएका छन् ।

मुख्य बुँदा

(क) ..........................................................................................

(ख) ..........................................................................................

(ग) ..........................................................................................

(घ) ..........................................................................................

**६. तलका वाक्यहरू पढी विशेषण शब्द पहिचान गरी लेख्नुहोस् :**

(क) हामी ठुलो नदी तरेर घुम्न गयौँ ।

(ख) साथीहरूले रसिला सुन्तला र ताजा स्याउ किने ।

(ग) रमेशले नयाँ घडी लगाएको रहेछ ।

(घ) स्मारिका राम्री देखिएकी थिई ।

(ङ) नदीपारि पुरानो बस्ती रहेछ ।

(च) घरहरू पनि कच्ची नै देखिए ।

**७. तल दिइएको अनुच्छेद पढ्नुहोस् र रेखाङ्कन गरिएका शब्दलाई उदाहरणमा जस्तै गरी तालिकामा भर्नुहोस् :**

पुराना किताब, थोत्रा सामान, भन्दै बाटामा दुईचार मानिस कराइरहेका थिए । उनीहरूको साथमा ठुल्ठुलो बोरा थियो । ती बोरामा उनीहरू भेटेका सामान राख्थे । ती मानिस असल नै देखिन्थे । खराब बानी हुनेहरू त काममा चासो दिँदैनन् । बिहानदेखि बेलुकासम्म धेरै सामान जम्मा गर्थे । उनीहरूले हलुका र गह्रौँ सामान छुट्टाछुट्टै बोरामा राख्थे । बलियो साथी गह्रौँ बोरा बोक्थ्यो । कमजोर अथवा निर्बलियो साथी हलुका सामान बोक्थ्यो ।

| विशेषण | विशेष्य |
|---|---|
| पुराना | किताब |
| | |
| | |
| | |
| | |
| | |
| | |

**८. अनुच्छेद पढेर तलका शब्दको उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

हिजो श्यामको घरमा आगलागी भएछ । धन्न रमेश काका बेलैमा पुगेर धेरै नोक्सान भएनछ । श्यामको घर खरले छाएको रहेछ । उनका साना साना भाइबहिनी रहेछन् । बिहान आमाले पानी तताउने भाँडो बत्तीमा अन गरी बाहिर काममा जानुभएछ । भाँडामा रहेको पानी उम्लिएर सब सकिएछ । टोलभरि गन्ध फैलिएछ । त्यति बेला रमेश काका त्यहाँ पुग्नुभएछ । बत्तीको स्विच अफ गर्नुभएछ । काका बेलैमा पुगेर कच्ची घर बचेछ । यस्ता घटना समाजमा घटिरहन्छन् । हामी सबै सचेत हुनुपर्छ ।

आज = ......................

फाइदा = ......................

ठुला = ......................

बेलुका = ......................

बास्ना = ......................

यहाँ = ......................

अन = ......................

पक्की = ......................

त्यस्ता = ......................

अचेत = ......................

**९. दिइएका समावेशी र समावेश्य शब्दबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| वन | धान, चामल, मकै |
| नारी | आँप, केरा, बयर |
| जनावर | नेपाल, जापान, भुटान |
| देश | आमा, दिदी, भाउजू |
| अन्न | बाख्रा, खसी, गाई |
| फलफूल | रुख, बोट, बिरुवा |



## अनुभवमा आधारित क्रियाकलाप

**१. तपाईं बाहिर घुम्न निस्कँदा कुनै बटुवाले बाटो बिराएर सानो गाउँ जाने बाटो कता हो भनेर सोधे । ती बटुवालाई कसरी बाटो देखाउनुहुन्छ ? तलको उदाहरण हेर्नुहोस् र चारै दिशा उल्लेख गरेर चार वाक्यमा उत्तर दिनुहोस् :**

उदाहरण :

तपाईं यहाँबाट पचार मिटर जति पूर्व जानुहोस् । त्यहाँ एउटा मस्जिद छ । त्यसबाट खोलातिर जाने बाटो छाडेर उत्तर तिरको मूल बाटो लाग्नुहोस् । करिब आधा घण्टा हिँडेपछि देब्रेतिर एउटा ठुलो चौर आउँछ । त्यसका छेउबाट पश्चिमतिर लागेर अलिक अगाडि गएपछि एउटा पिपलको रुख आउँछ । त्यहाँबाट दक्षिणतिरको बाटो लागेपछि बिस मिनेट जति हिँड्दा स्वर्गपुरी गाउँ आउँछ ।

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

**२. एक पटक श्याम भुजेल र श्यामा थकालीले घुम्न जानेबारेमा गफगाफ गरेछन् । कुनै साथीसँग मिलेर यो कुराकानी अभिनय गर्दै पढ्नुहोस् :**

श्याम : ए श्यामा ! हेर त बगैँचामा कति राम्रा फूल फुलेछन् । आहा ! कति राम्रो रातो गुलाफ !

श्यामा : वसन्त ऋतुमा पनि फूल नफुले कहिले फुल्छ त ? अझ यस वेलामा रमाइला रमाइला ठाउँ घुम्न पाए झन् कति आनन्द हुन्छ । पोहोर साल आमाबुबासँग पाल्पाको श्रीनगर गएकी थिएँ । कस्तो रमाइलो भयो !

श्याम : म त खास घुमेकी पनि छैनँ । घुम्दा कसरी रमाइलो हुन्छ, मैले थाहा पनि पाएकी छैनँ । घुम्न त्यति मन पनि लाग्दैन । पैसाको नाश ।

श्यामा : श्याम, मलाई त घुमफिर गर्नै पर्छ भन्ने लाग्छ । नयाँ नयाँ कुरा देख्न पाइन्छ । नयाँ ठाउँ, नयाँ संस्कृति र नयाँ परिवेशबारे थाहा पाउँदा कस्तो रमाइलो हुन्छ !

श्याम : साँच्चि, भन त ! घुम्दा अरू के के फाइदा हुन्छ ?

श्यामा : घुमफिरबाट ज्ञान र मनोरञ्जन दुवै पाइन्छ । ज्ञान र अनुभव साटासाट गर्न सकिन्छ ।

श्याम : घुमेर आनन्द लिनकै लागि कति धेरै विदेशी पाहुना नेपाल आउँछन् । हैन र ?

श्यामा : हो त नि ! उनीहरू यहाँका धार्मिक, सांस्कृतिक र रमणीय स्थल घुमफिर गर्छन् । नेपाली पनि घुमफिर गर्न मन पराउँछन् ।

श्याम : गत वर्ष सहकारीबाट भ्रमणमा जाने हो भन्दा मैले नजाने भनिदिएँ । यस वर्ष त जसरी भए पनि जान्छु । केही कुरा सिक्न त शैक्षिक भ्रमण नगरी नहुने रहेछ ।

(क) अब तपाईं पनि कुनै विषयलाई लिएर यसरी नै संवाद तयार पार्नुहोस् ।

**३. दिइएको सन्दर्भ पढ्नुहोस् र निर्देशनअनुसार गर्नुहोस् :**

मेरा चारओटा खुट्टा छन् । एउटा पुच्छर छ । दुईओटा कान र दुईओटा आँखा छन् । त्यतिभन्दा पनि चिनेनौ भने मलाई चिन्ने अर्को तरिका छ । मेरो एउटा सिङ छ । अब त चिन्यौ कि ? चितवनतिर जाँदा देखिने म गैँडा हुँ क्या ।

(क) तपाईंले जानेको वा देखेको कुनै जनावरका बारेमा यसै गरी दश हरफको एउटा अनुच्छेद लेख्नुहोस् ।

**४. तपाईं बिहान उठेदेखि बेलुकासम्म के गर्नुहुन्छ, लेखेर सुनाउनुहोस् ।**



## स्वप्रेरित क्रियाकलाप

**कक्षा ५ को मेरो नेपाली किताब पढेर भाषिक प्रकार्यका बारेमा थप जानकारी लिनुहोस् ।**

# पाठ ३

# अनुभव तथा दैनिक जीवनमा आधारित संवाद

**तलको कुराकानी पढ्नुहोस् :**

(आज गाउँमा श्रेयाकी दिदीको बिहे छ। बिहान भाले बास्नुअगाडि देखि नै मानिसको आवतजावत चलिरहेको छ। उनको घर पुरै सजावट छ। आफन्तले भरिभराउ छ। बिहानै अप्सरा र मन्दिरा सजिएर श्रेयाको बिहेमा जान पुष्पाको घरमा आइपुग्छन्। यतिकैमा कुराकानी सुरु हुन्छ।)

पुष्पा : ओहो साथी ! नमस्कार है, चिटिक्क परेर बिहानै कता हो ?

अप्सरा : हाहा... तिमी थाहा नपाए झैं नगर न।

पुष्पा : साँच्चै, मलाई थाहा छैन क्या ...।

मन्दिरा : कस्तो थाहा छैन भनेको के पुष्पा, त्यस्तो अनजान नबन न भन्या ...।

पुष्पा : तिमीहरूले के भन्छौ भनेर एकछिन थाहा नपाए झैँ गर्न मन लाग्यो।

अप्सरा : पुष्पा कहाँ दिएछन् नि श्रेयालाई ?

पुष्पा : तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका वडा नं ६ रे।

मन्दिरा : श्रेया पढाइमा चलाख थिई, बी. ए. पास गरेपछि बिहे गरिदिनुपर्ने। किन हतारिनुभएको होला है ?

पुष्पा : त्यही त मलाई पनि पढ्दै गरेकी छोरी हतार किन गरे जस्तो लागिराछ ।

अप्सरा : नपढेका बाबाआमा भन्नु पनि छैन। पढेका बुझेका परिवारले पनि चाँडै नै निर्णय गर्नभएछ भनेर अचम्म लागेको क्या !

मन्दिरा : घरपरिवार सक्षम, केटा पढेलेखेको भनेर होला है।

पुष्पा : पहिला छोरी नै सक्षम बनाउनुपर्ने हैन र ?

मन्दिरा : हो, यही त छ नेपालीको संस्कार। हामीले बुझेकै छौँ।

अप्सरा : पुष्पा, तिमी पनि तयारी गर। जन्ती आउने समय भइसक्यो होला।

पुष्पा : पञ्चेबाजामा नाच्दै आउने होलान्। किन छिटो आउलान् र ?

मन्दिरा : हामी पनि नाच्ने है पञ्चेबाजामा ।

अप्सरा : पञ्चेबाजा नेपाली बाजा भएर हो कि किन किन मलाई बाजाको धुन असाध्यै मन पर्छ।

पुष्पा : पञ्चेबाजाभित्र कुन कुन बाजा पर्छन् थाहा छ नि !

मन्दिरा : सानैदेखि यही बाजामा अभ्यस्त भइयो। थाहा छ नि।

अप्सरा : दसैँमा हाम्रो घरमा वर्षभरि लुगा सिलाउने दाइभाउजूको परिवार पञ्चेबाजा बजाउँदै आएको याद छ। त्यति बेला आमाले ती बाजाहरूको नाम बताएको अझै ताजा छ। दमाहा, ट्यामको, झ्याम्टा, सहनाई, नरसिङ्गा हैन र ?

पुष्पा : त्यही बाजाको तालमा नाच्ने भनी म पनि तयार भएँ ।

मन्दिरा : अब जाऔँ है ।

अप्सरा : कुरै करामा उपहार दिने कुरा नै भुलिएछ ।

पुष्पा : जिन्सी सामान नदिऔँ भो । प्रयोगमा आउँदैन । नगद नै दिऊँ, हुन्न र !

मन्दिरा : हुन्छ । खाममा राखेर तीनै जनाको नाम लेखेर दिऔँ ।

अप्सरा : तिम्रो विचारमा म सहमत भएँ ।

पुष्पा : म पनि सहमत । जाऔँ अब ।

सबै जना जान्छन् ।



## सिकाइ क्रियाकलाप

**१. तलका चित्रहरूको नाम लेख्नुहोस् :**



..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

**२. तपाईं बसेको गाउँमा बजाइने  कुनै पाँच बाजाको नाम लेख्नुहोस् :**

(क) ...............................

(ख) ...............................

(ग) ...............................

(घ) ...............................

(ङ) ...............................

**३. कुन भनाइ पहिले आएको छ ? मिलाएर लेख्नुहोस् :**

(......) दमाहा, ट्याम्को, झ्याम्टा, सहनाई, नरसिङ्गा हैन र ?

(......) पढेका बुझेका परिवारले पनि चाँडै नै निर्णय गर्नभएछ ।

(......) तिमीहरूले के भन्छौ  भनेर एकछिन थाहा नपाए झैँ गर्न मन लाग्यो ।

(......) खाममा राखेर तीनै जनाको नाम लेखेर दिऔँ ।

(......) किन हतारिनुभएको होला है ?

(......) पञ्चेबाजाभित्र कुन कुन बाजा पर्छन् थाहा छ नि !

(......) जिन्सी सामान नदिऔँ भो । प्रयोगमा आउँदैन । नगद नै  दिऊँ, हुन्न र !

**४. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| अनजान | ठोकेर वा जुधाएर बजाइने बाजाको मात्रा |
| सक्षम | अरुसँग राय मिलेको |
| संस्कार | केही पनि नजान्ने |
| ताल | रहनसहन |
| सहमत | क्षमता भएको |

**५. तलका पश्नको उत्तर लेख्नुहोस् :**

(क) श्रेयाको बिहे कहाँको केटासँग हुँदै छ ?

(ख) बिहे गर्न को को सक्षम हुनुपर्छ ?

(ग) पञ्चेबाजामा के के पर्छन् ?

(घ) किन नगद उपहार दिने भनिएको हो ?

(ङ) पुष्पा के विषयमा सहमत भई ?

(च) यहाँ के षियमा कुराकानी गरिएको छ ?



## अन्तरक्रियात्मक क्रियाकलाप

**१. सबै मानिसले एकै प्रकारले बिहे गर्दैनन् । धर्म संस्कारअनुसार पनि बिहे गर्ने तरिका फरक हुन्छन् । तपाईंको समुदायमा बिहे गर्ने कस्ता कस्ता चलन छन् ? परिवारका सदस्यसँग छलफल गरेर लेख्नुहोस् :**

| बिहे गर्ने तरिका | के के गरिन्छ ? |
|---|---|
| मागी बिहे | |
| | |
| | |



## खोज क्रियाकलाप

१. दिदीबहिनी आमा समूह व्यासमा आमाहरूको स्वास्थ्यलाई ख्याल गरी व्यास नगर स्वास्थ्य शाखाको आयोजनामा  स्त्रीरोग विशेषज्ञ झिकाई महिलाहरूको पाठेघर र स्तन परीक्षण गरियो । समस्या देखिएका आमाहरूलाई भरतपुर क्यान्सर अस्पताल पठाइयो । यस कार्यक्रममा स्त्रीरोग विशेषज्ञले भनिन् :

(क) महिलाले आफू वयस्क भएदेखि नै बेला बेलामा आफ्नो स्तन जाँच गराउनुपर्छ ।

(ख) गर्भवती, सुत्केरी र बच्चा हुर्किसकेका महिलाले पनि स्तन जाँच गराउनुपर्छ ।

(ग) आफैँले छाम्दा स्तनमा गाँठागुँठीको अनुभव भएमा स्तन क्यान्सर भएको हुन सक्छ । यस्तो अवस्थामा विशेषज्ञलाई देखाइहाल्नुपर्छ ।

(घ) बच्चा भएका महिलाले पाठेघर पनि जचाउनुपर्छ । जचाउँदा पाठेघर खस्ने र पाठेघरको मुखको क्यान्सर हुने समस्याबाट बचाउन सकिन्छ ।

(ङ) रोग लागेर जचाउनुभन्दा रोग लाग्नै नदिनु राम्रो हो । रोग लागिहालेमा पनि हेलचेक्र्याइँ गर्नुहुँदैन ।

(क) माथिका कुरा पढेपछि तपाईँ तलका शीर्षकमा यस कार्यक्रमको प्रतिवेदन तयार पार्नुहोस् :

(अ) कार्यक्रमको नाम:

(आ) कार्यक्रम भएको ठाउँ :

(इ) आयोजक :

(ई) गरिएको काम :

(उ) भनिएका कुरा :

(ऊ) आफूले सिकेका कुरा :

(ऋ) निष्कर्ष :

**८. आफ्नो वा परिवारको मोबाइलमा शब्दकोश  डाउनलोड गर्नुहोस् र तलका शब्दको दुई भिन्न भिन्न अर्थ लेख्नुहोस् :**

दर : १. तिजमा खाने दर

२. मूल्य

मास : १. ........................................

२. ........................................

खाग : १. ........................................

२. ........................................

हार : १. ........................................

२. ........................................

पुतली : १. ........................................

२. ........................................

काल : १. ........................................

२. ........................................

पत्र : १. ........................................

२. ........................................

कल : १. ........................................

२. ........................................



## अभ्यास क्रियाकलाप

**१. तलको अनुच्छेद बुझेर पढ्नुहोस्  र उत्तर दिनुहोस् :**

एकादेशमा लिकुल नाम गरेको केटा थियो । उसका  बाबाआमाको अकालमा मृत्यु भयो । अब ऊ टुहुरो हुन पुग्यो उसले जीवनमा पराजित भएको अनुभव गऱ्यो । सबैले उसलाई टुहुरो भनेर अपमान गर्थे । उसको बानी सबैलाई सम्मान गर्ने थियो । अवकाश भएका कर्मचारीले उसलाई माया गरेर दुईचार पैसा दिन्थे । निश्चल मनको लिकुलमा व्यावहारिक ज्ञान नहुनाले निर्णय गर्ने क्षमता कम थियो । असहाय व्यक्तिका पनि दुस्मन हुने रहेछन्  । बिनाकारण ऊ दुखी बन्ने वातावरण सिर्जना भयो  । दुर्गम गाउँमा अभावै अभाव थियो । त्यहाँ कहिले विकास पुग्ने, थाहा थिएन । अभावमा जिउनुपर्दा बाबाआमाको मलिन आकृतिले उसलाई सताउँथ्यो । विधाताको विधि नीतिको नियममा चल्नै पर्दो रहेछ । उसको अधिकार क्षेत्र गुम्यो  । अत्याचार सहनै पर्ने रहेछ । सुमार्गमा हिँड तिमी सफल हुन्छौ भनेको सुन्दा चाहिँ उसलाई हौसला मिल्थ्यो । गाउँमा उत्पादन भएका कुरा खरिद गरेर ऊ बजार जान्थ्यो । दुईचार पैसा कमाउँथ्यो । यो

अभियान चलिरह्यो । उसलाई दुःख दिनेहरूसँग उसले कहिल्यै प्रतिकार गरेन । मिठा परिकार खाने रहर कसलाई हुँदै न र ! यो सानो उमेरमा उसले दुःख नै उपहार पायो । बेकामेहरू बदनियत राख्थे । कहिलेकाहीँ बेइज्जत गर्न खोज्थे । नालायकहरु दुःखीलाई झन् दुःख दिन खोज्थे । जति व्यथाले निचोरे पनि कुबाटामा हिँडेन । अनपढ भए पनि अनमोल जीवनमा सुखको दिन आउला भनेर ऊ कहिल्यै आत्तिएन ।

(क) लिकुलले पाएको दुःखका उदाहरण के के हुन् ?

.....................................................................

.....................................................................

.....................................................................

(ख) कस्ता कस्ता बेलामा लिकुल खुसी हुन्थ्यो ?

.....................................................................

.....................................................................

.....................................................................

**२. तलका शब्दहरू कसरी बनेका रहेछन् हेर्नुहोस् अनि पाठमा प्रयोग भएका अन्यशब्दको बनोट प्रकिया देखाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| अकाल | : अ+ काल | पराजित | : परा+ जित |
| अपमान | : अप +मान | सम्मान | : सम् + मान |
| अनुभव | : ........... + ................ | अवकाश | : ........... + ................ |
| निश्चल | : ........... + ................ | निर्भय | : ........... + ................ |
| दुर्गम | : ........... + ................ | विकास | : ........... + ................ |
| आकृति | : ........... + ................ | नियम | : ........... + ................ |
| अधिकार | : ........... + .............. | प्रतिनिधि | : ........... + ................ |

**३. माथिको अनुच्छेदमा प्रयोग भएका क्रियापदको सूची बनाउनुहोस् :**

**४. कोष्ठकबाट सही शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) ....................................चउरमा खेल्छ । (बहिनी, भाइ )

(ख) ..............................................खाना खान्छौँ । ( म, हामी )

(ग) .............................................. जानुहोस् । (तिमी, तपाईं )

(घ) ....................................................घर गए ।( भाइ, बहिनीहरू )

(ङ) .....................................................घर सफा राखेकी छन् ।( उसले, उनले )

**५. तलको चित्र हेर्नुहोस् । तिनीहरू के गरिरहेछन् । यीमध्ये तपाईंलाई के गर्न मन पर्छ, लेख्नुहोस् :**









### ६. तल दिइएको अनुच्छेद घडी हेरेर पढ्नुहोस्, कति मिनेटमा सकिन्छ ?

सान्नानी पोखरा गइन् । फेवाताल पुगिन् । पानीमा माछापुच्छ्रेको छाया परेको देखिन् । अचम्म मानिन् । वरपिपलको चौतारीमा थचक्क बसिन् । धर्मालम्बीहरू पञ्चकन्यालाई पुज्दै थिए । पारिपट्टि रानीवनको रमाइलो प्राकृतिक दृश्य मन लोभ्याउने गरी सजिएको थियो । मनमनै सोचेँ त्यहाँ वनको पाले छ कि छैन होला ।

### ७. एउटै शब्द बनाउनुहोस् :

सानी नानी : सान्नानी

वनको पाले : ..................

पञ्च कन्याको समूह : .....................

वर र पिपल : ..............................

माछाको पुच्छर जस्तो छ जुन : .................................



## अनुभवमा आधारित क्रियाकलाप

### १. शनिमाया गुरुङले आफ्नो गाउँको परिचय दिन के के भनिन्, पढ्नुहोस् :

सान्नानी पोखरा गइन् । फेवाताल पुगिन् । पानीमा माछापुच्छ्रेको छाया परेको देखिन् । अचम्म मानिन् । वरपिपलको चौतारीमा थचक्क बसिन् । धर्मालब म शनिमाया गुरुङ हुँ । म कास्की जिल्लाको पुनहिलमा बस्छु । म होटल व्यवसाय गर्छु । यस क्षेत्रमा सवारी साधन चढ्ने व्यवस्था छैन । होटलमा चाहिने सामान खच्चडले बोक्छन् । पैदल यात्रामा रमाउने पर्यटकहरू यहाँ आइपुग्छन् । मेरो गाउँका मानिसहरू खेतीपाती गर्छन् । केही पढेलेखेका व्यक्ति सहरमा जागिर खान्छन् । विदेश जानेहरू पनि छन् । गुरुङ जातिको बाहुल्य भएको हुनाले यहाँका मानिसहरू गुरुङ भाषा बोल्छन् । म्बीहरू पञ्चकन्यालाई पुज्दै थिए । पारिपट्टि रानीवनको रमाइलो प्राकृतिक दृश्य मन लोभ्याउने गरी सजिएको थियो । मनमनै सोचेँ त्यहाँ वनको पाले छ कि छैन होला ।

(क) शनिमायाले जसरी नै तपाईं बसेको ठाउँको बारेमा पाँच हरफ लेख्नुहोस् :

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

**२. आफ्नो बारेमा तलका कुरा लेखेर आफूभन्दा जान्नेलाई देखाउनुहोस् :**

(क) तपाईंको पेसा :

(ख) तपाईंको अनुभव :

(ग) दैनिक जीवन कसरी चलेको छ ? :

(घ) कुनै सम्झन लायक घटना :

(ङ) तपाईंले भाग लिएको कुनै प्रतियोगिता :

(च) प्रदर्शनी, मेला, वनभोज जाँदाको अनुभव :

(छ) सामाजिक सांस्कृतिक कार्यमा सहभागी हुँदाको अनुभव :

(ज) व्यावहारिक समस्या :

(झ) तपाईं आफूलाई कस्तो ठान्नुहुन्छ ? :



## स्वप्रेरित क्रियाकलाप

**जन्मदर्ता बालकको बाल अधिकार हो । नेपालको संविधानको धारा ३९ मा यससम्बन्धी उल्लेख छ । जन्मदर्तासम्बन्धी कानुनी प्रक्रिया youtube मा गएर हेरी लेख्नुहोस् ।**

## पाठ ४

# वाक्य पठन, लेखन र अर्थबोध

**गणेश भट्टराईको एक बर्से यात्रा कथा पढ्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :**

एकपल्ट चतुरे कागलाई एक बर्से भ्रमण गर्न मन लाग्यो । ऊ वैशाख एक गते एक बर्से भ्रमणका लागि आकाशतिर उड्यो । खानेकुराको पिर नभएकाले उसले भ्रमणका लागि केही तयारी पनि गरेन ।

यात्राको सुरुमै भुइँतिर हेर्दा उसले मानिसको भिड देख्यो । उसले नियालेर हेऱ्यो ती नयाँ वर्ष मनाउन भेला भएका रहेछन् । कतै कतै जात्रा मनाएको जस्तो पनि देखियो । मन्दिर र विहारमा पनि मानिसको भिड थियो । सायद ती बुद्ध जयन्ती, र रामनवमीजस्ता पर्व मनाउँदै थिए । ठुला उद्योग भएका ठाउँमा मजदुरहरू पनि देखिन्थे । ती चाहिँ मजदुर दिवस मनाउँदै थिए । नेताहरूले भाषण गरेको पनि सुनिन्थ्यो । ती गणतन्त्र जिन्दावाद भन्दै थिए ।

काग उड्दै थियो मुसलधारे पानी पर्न थाल्यो । उसले यसो तलतिर हेऱ्यो । खोलानाला बढेका थिए । किसानहरू धान रोप्दै थिए । उनीहरूले गाएको असारे गीत स्पष्टै सुनिन्थ्यो । ऊ रमाउँदै आकाशमा उडिरह्यो । बेला बेला ऊ तलतिर हेर्थ्यो, एउटा न एउटा नयाँ काम गरेको देखिन्थ्यो । महिलाहरू राता साडी लगाएर तीज मनाउँदै थिए । कोही सेता टोपी लाएर इदको खुसी साट्दै थिए । अलिक तलतिर जितिया मनाएको दृश्य देखिन्थ्यो । कोही कोही गौरा पर्व मनाएर देउडा नाच्दै थिए । कोही विभिन्न खाले मुखुन्डो लाएर गाईजात्रा मनाउँदै थिए । कोही रोपाइँ जात्रा र कोही इन्द्र जात्रा मनाउँदै थिए । उसले सोच्यो दसैं तिहार आउन लागेछ क्यारे । अब मानिसले मलाई पनि पूजा गर्छन् ।

नभन्दै असोज महिना रहेछ । मानिसहरू दसैं मनाउन थाले । मान्यजनबाट टीका लाउनेको लस्करै देखियो । आकाशबाट हेर्दा केटाकेटीले पिङ खेलेको दृश्य खुब रमाइलो थियो । यी मान्छेले अक्षता बनाएर यति धेरै चामल चाहिँ किन नाश पारेका होलान् ? गरिबलाई, हामीजस्ता चरालाई, पशुलाई दिए पनि हुने नि ! यस्तै सोच्दै एक बर्से यात्रामा निस्किएको चतुरे आकाशमा स्वच्छन्द उडिरह्यो । उसले यसो तल हेर्दा त झन् रमाइलो दृश्य पो देख्यो । मानिसहरू काग काग भन्दै उसैलाई बोलाइसहेका थिए । ऊ बाँकटे हानेर तल झऱ्यो र एउटा रुखको हाँगामा बस्यो । एउटी महिलाले श्रद्धासाथ घिउमा मुसेका भात र मिठाई दिइन् । उसले टन्न खायो र दुईतीन दिन त्यतै बस्ने निधो गऱ्यो । मानिसले कुकुरको पूजा गरे । गाई पुजे, लक्ष्मी पुजे । कसैकसैले नयाँ वर्ष मनाए । दिदीभाइ र दाजुबहिनीले टीका लाए । उसलाई रमाइलो त लाग्दै थियो तर ऊ यात्रामा हिँडेकाले त्यहाँ बसिरहन सक्दैनथ्यो । ऊ फेरि उड्यो । पूर्वतिर हेर्दा उसले देख्यो केही मानिस फाल्गुनन्द जयन्ती मनाउँदै थिए । कोही गुरु नानकलाई सम्झिरहेका थिए । छठ मनाउनेहरुको आस्थापूर्ण रमझम, धान नाच, साकेला सिल्ली, वनभोज खाएको दृश्य उसलाई खुब मन पऱ्यो । वनभोज खाएका ठाउँमा आफ्ना साथी देख्दा एकछिन कुरा गरेर जान मन लागे पनि ऊ त्यतातिर भुलिएन । अपाङ्गता भएका मानिसहरूले अपाङ्गता दिवस मनाइरहेको र अरुले पनि साथ दिएको देख्दा उसलाई साह्रै खुसी लाग्यो ।

उड्दै जाँदा उसलाई जाडो भएको अनुभव भयो । पुस माघको महिना हुनुपर्छ । कोही पृथ्वी जयन्ती मनाउँदै थिए । कोही सहिद दिवस मनाउँदै थिए । कोही नयाँ वर्षका रूपमा माघी मनाउँदै थिए । यतिखेर क्रिसमस, ल्होसार जस्ता चाडपर्व

पनि पर्दा रहेछन् । जाडो भए पनि मानि रमाएकै थिए । रुखका पात झरेको देख्दा कागलाई नरमाइलो लाग्यो तर रङ र पानी खेल्दै मानिसले फागु खेलेको खुब रमाइलो थियो । मानिसहरू अन्तर्राष्ट्रिय महिला दिवस, शिवरात्रिजस्ता चाडपर्व मनाउने तरखरमा थिए । जङ्गलमा हरिया पात पलाए । जमिनमा खनजोत गरेको देखियो । चराचुरुङ्गी पनि चिरबिराउन थाले । अब चतुरेलाई पनि थकाइ मार्न मन लाग्यो । ऊ तल ओर्लेर एउटा वरको रुखमा बस्यो ।



## सिकाइ क्रियाकलाप

**१. कथामा कुन वाक्य पहिले आएको छ ? मिलाएर लेख्नुहोस् :**

(......) खोलानाला बढेका थिए ।

(......) जङ्गलमा हरिया पात पलाए ।

(......) मान्यजनबाट टीका लाउनेको लस्करै देखियो ।

(......) खानेकुराको पिर नभएकाले उसले भमणका लागि केही तयारी पनि गरेन ।

(......) ती चाहिँ मजदुर दिवस मनाउँदै थिए ।

(......) मानिसहरू काग काग भन्दै उसैलाई बोलाइसहेका थिए ।

(......) कोही नयाँ वर्षका रूपमा माघी मनाउँदै थिए ।

**२. माथिको पाठमा परेका तलका चाडपर्व र दिवसमा के के गरिन्छ ? एक एक वाक्य लेख्नुहोस् :**

नयाँ वर्ष : ........................................................................

बुद्ध जयन्ती : ........................................................................

रामनवमी : ........................................................................

तीज : ........................................................................

इद : ........................................................................

गौरा पर्व : ........................................................................

जितिया : ........................................................................

रोपाइँ जात्रा : ........................................................................

इन्द्र जात्रा : ........................................................................

धान नाच : ........................................................................

साकेला सिल्ली : ........................................................................

सहिद दिवस : ........................................................................

माघी : ........................................................................

छठ : ........................................................................

फागु : ........................................................................

क्रिसमस : ........................................................................

ल्होसार : ........................................................................

**३. तलका शब्दका अर्थ लेख्नुहोस् :**

भ्रमण : ...............................

भिड : ...............................

भाषण : ...............................

गणतन्त्र : ...............................

मुसलधारे : ...............................

स्वच्छन्द : ...............................

आस्था : ...............................

**४. तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

(क) चतुरेलाई  किन खानाको चिन्ता भएन ?

(ख) यात्राको सुरुमा चतुरेले के देख्यो ?

(ग) असारे गीत गाएको सुनेपछि चतुरेले असोज महिनाभन्दा पहिले के के देख्यो ?

(घ) चतुरेले मान्छेले फाल्ने खाना कसलाई दिन भन्यो ?

(ङ) तिहारका बेला चतुरेले के के देख्यो ?

(च) चतुरे किन तल झरेको होला ?

**५. तलका वाक्य सार्नुहोस् :**

(क) एकपल्ट चतुरे कागलाई एक बर्से भ्रमण गर्न मन लाग्यो ।

........................................................................

(ख) उनीहरूले गाएको असारे गीत स्पष्टै सुनिन्थ्यो ।

........................................................................

(ग) कोही विभिन्न खाले मुखुन्डो लाएर गाईजात्रा मनाउँदै थिए ।

........................................................................

(घ) ऊ बाँकटे हानेर तल झऱ्यो र एउटा रुखको हाँगामा बस्यो ।

........................................................................

(ङ) उड्दै जाँदा उसलाई जाडो भएको अनुभव भयो ।

.........................................................................

(च) मानिसहरू अन्तर्राष्ट्रिय महिला दिवस, शिवरात्रिजस्ता चाडपर्व मनाउने तरखरमा थिए ।

.........................................................................................................

**६. यस कथामा चतुरेले देखेका सबै कुरा नछुटाई लेख्नुहोस् ।**



## अन्तरक्रियात्मक क्रियाकलाप

**१. तपाईं र तपाईंको साथी मिलेर तलको संवाद अभिनयसहित पढ्नुहोस् :**

केटी : भरिया दाइ तपाईंको नाम के हो ?

भरिया : लाक्पा शेर्पा हो नानी ।

केटी : हजुरको घर कहाँ हो नि ?

भरिया : टकुचे हो नानी ।

केटी : हजुर सधैं भारी बोकेर यही बाटो हिँड्नुहुन्छ, त्यही भएर सोधेकी ।

भरिया : तिम्रो नाम केहो नानु ?

केटी : मेरो नाम ममता गोतामे हो ।

भरिया : तिम्रा बाबाआमा के गर्नुहुन्छ ?

केटी : बाबा अफिसमा काम गर्नुहुन्छ । आमा शिक्षक हुनुहुन्छ ।

भरिया : यस गाउँमा सबै जागिरे छन् ?

केटी : छैनन् नि, कोही किसान छन्, कोही व्यापारी छन् ।

केटी : हजरकी पत्नी के काम गर्नुहुन्छ नि ?

भरिया : गाउँमा भेडा पाल्छिन् ।

केटी : छोराछोरी नि ?

भरिया : गाउँकै विद्यालयमा पढ्दै छन् ।

(क) अब तपाईं पनि कोही अपरिचितलाई यस्तै विभिन्न प्रश्न सोधेर एक संवाद तयार पार्नुहोस् ।



## खोज क्रियाकलाप

**१. तपाईंले समाजमा देखेका निम्नानुसारका कुनै तीन घटनाका बारेमा घटना के थियो, कसरी भयो आदि पक्ष समेटेर छोटो विवरण तयार पार्नुहोस् र साथीलाई सुनाउनुहोस् ।**

(क) घरझगडा :

(ख) लेनदेन :

(ग) साँधसिमाना :

(घ) चोरी :

(ङ) दुर्घटना :



## अभ्यास क्रियाकलाप

**१. तल दिइएको अनुच्छेद पढ्नुहोस्  र उत्तर दिनुहोस् :**

हिमाली क्षेत्रमा बाल्यकाल बिताएका सनम शेर्पा मुस्ताङबाट एसईई गरेपछि उच्च शिक्षा अध्ययनका लागि काठमाडौँ पुगे । उनले कलेजमा भर्ना भएर छात्रावासमा बस्ने निर्णय गरे । मातृभाषाबाट प्रभावित सनमलाई नेपाली भाषा अध्ययन गर्न गाह्रो भयो । उनको रहनसहन खानपानले गर्दा उनका साथीहरू लेकाली भनेर जिस्काउँथे । उनको पढाइमा लगनशीलता थियो । उनलाई पढाइ राम्रो  बनाउनु छ भन्ने थाहा थियो । असल साथी छनोट गर्नँपर्छ भन्ने पनि थाहा थियो । भाग्यवश अञ्जन थापा उनको छात्रावासको साथी बने । । अञ्जनमा उडन्ते स्वभाव थिएन । उनी पढन्ते, मायालु र दयालु थिए । सहरिया परिवेशले उनलाई कत्ति पनि प्रभाव पारेन । साथीहरूले ढँटुवा भनुन् वा  पाखे भनुन् उनी हाँसेर टारिदिन्थे । सनम गणितमा सिपालु थिए भने अञ्जन विज्ञानमा । सनम अञ्जनलाई वैज्ञानिक नामले पुकार्थे ।

(क) सनम र अञ्जनका विशेषता के के थिए ?

यस पाठमा खानपान, भाग्यवश र सहरिया शब्द प्रयोग भएका वाक्य तल सार्नुहोस् :

(अ) ..........................................................

(आ) ..........................................................

(इ) ..............................................................

**२. दिइएको उदाहरण हेरी शब्दको बनोट प्रक्रिया देखाउनुहोस् :**

हिमाली : हिम + आली

नेपाली : नेपाल + ई

लेकाली :

पढाइ :

उडन्ते :

मायालु :

दयालु :

ढँटुवा :

पाखे :

हाँसेर :

सिपालु :

वैज्ञानिक :

**३. उस्तै अर्थ दिने शब्द लेख्नुहोस् :**

जस्तै : पानी = जल

नाम :

गाउँ :

किसान :

भरिया :

पत्नी :

विद्यालय :

**४. तल दिइएको अनुच्छेद पढ्नुहोस् र अनुच्छेदले दिएको सन्देश बुँदागत रुपमा टिपोट गर्नुहोस् :**

सिम्रन चित्रकला बनाउन सिपालु छिन्। उनी समय पायो कि त चित्र कोरिहाल्छिन्। उनका चित्र घर, मन्दिर, विद्यालय, वनजङ्गलसँग केन्द्रित हुन्छन्। उनको गाउँको बिचभागमा मन्दिर छ। शिवरात्रीमा त्यस मन्दिरमा धुमधामसँग शिवको पूजा हुन्छ। भक्तजनहरू रातभर बत्ती बाल्छन्। भजन गाउने नाच्ने गर्छन् । मन्दिरनजिकै सानो तलाउ छ। केटाकेटीहरू तलाउमा पौडी खेल्छन्। सिम्रन पनि आज तलाउमा पौडी खेलेर मन्दिर गइन्। पूजा गरिन्। मन्दिर परिवेशमा जय शम्भो भन्दै माग्न बसेका कान चिरेका जोगीलाई दुईचार पैसा दान गरिन्। मनमा आनन्द मानेर घर फर्किन्।

बुँदा

(क) ..........................................................................................................

(ख) ..........................................................................................................

(ग) ..........................................................................................................

(घ) ..........................................................................................................

**५. तल दिइएको वाक्य पढ्नुहोस्। नाम र सर्वनामसँग जोडिएर आएका शब्द विभक्ति हुन्। ती वाक्यलाई राम्रोसँग पढेर बुझ्नुहोस्**

(क) रामले पुस्तक पढ्यो। (ले)

(ख) बहिनी भाइलाई माया गर्छे। (लाई)

(ग) रिना पोखरादेखि दमौली आइन् । (देखि)

(घ) रुखबाट अम्बा खस्यो । (बाट)

(ङ) मैले जोगीलाई भिक्षा दिएँ । (ले, लाई)

(च) रामकी बहिनी असल छे । (की)

(छ) छानामा लौका फलेको छ । (मा)

**६. ले, लाई, देखि, बाट, द्वारा, को, ना, मा विभक्ति प्रयोग गरेर एक एक वाक्य लेख्नुहोस् :**

**७. तल दिइएका वाक्य पढ्नुहोस् र यी वाक्यलाई जोडेर अनुच्छेद तयार पार्नुहोस् अनि मिल्ने शीर्षक दिनुहोस् :**

» अहिलेको युग विज्ञान र प्रविधिको युग हो ।

» विज्ञानकै कारण सब नेपालीका हात हातमा मोबाइल फोन छन् ।

» घर घरमा टेलिभिजन छन् ।

» जाडोमा तातो गर्मीमा चिसो हुने वातानुकूलित वातावरण छ ।

» एफ एम रेडियोबाट समाचार सुनिन्छ ।

» विद्यालयमा कम्प्युटर विषयको पढाइ हुन्छ ।

» इन्टरनेटका कारण विदेशमा हुने बाबासँग भिडियो कलबाट गफ गरिन्छ ।

» विद्यालयमा स्मार्ट बोर्ड प्रयोगमा आए ।

» डाक्टरले बिरामी जाँच्ने साधन पनि विज्ञानकै चमत्कार हुन् ।

**८. तलको चित्र हेरी वृक्षरोपण शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् :**



**९. तलको कविता पढेर त्यसैअनुसार अभ्यास गर्नुहोस् :**

सुन सुन दिदीबैनी सुन सुन दाजुभाइ
नेपालीमा दीर्घ लेख्ने नियम बरी लै ।
शीत, सीता, गीत, गीता, ईश, तीनको ईकार
सुरुमा ती दीर्घ हुन्छन् गर विचार ।
फूल, धूप, शूर, चूर्ण, पूर्ण, सूर्य, मूर्ख पद
सुरु गर्दा सधैँ दीर्घ लेख्ने गर है ।
ईय, ईन, अनीय आए भने शब्दमा
बिचमा ती दीर्घ हुन्छन् दीर्घ लेख है
सर्वनाम, विशेषण, जाति, पेसा थरलाई
अन्त्यमा ती दीर्घ हुन्छन् दीर्घ लेख है ।
भाषा, धर्म, नदी, ठाउँ, सङ्ख्यावाची शब्दका
अन्त्य ईकार दीर्घ हुन्छन् दीर्घ लेख है ।
अरी, तरी, मती, वती, ई प्रत्यय लागेका
अन्त्यमा ती दीर्घ हुन्छन् दीर्घ लेख है ।
खसी, जोगी, योगी, स्वामी, सम्धी, हात्ती शब्दका
अन्त्यमा ई दीर्घ हुन्छन् दीर्घ लेख है ।
आदरार्थी जी र ज्यू, ही प्रत्यय लागेका
चाहिँ बाहेक दीर्घ हुन्छन् दीर्घ लेख है ।
बहुवचन जनाउने हरू, अरू, रूपका
ऊकार सधैँ दीर्घ हुन्छन् दीर्घ लेख है ।



## अनुभवमा आधारित क्रियाकलाप

**१. तलको विवरण पढेर तपाईं आफ्नो जन्मदिन कसरी मनाउनु हुन्छ ? वर्णन गरी लेख्नुहोस् :**

आज मेरो जन्मदिन हो। म बिहान चाँडै उठेँ। धारामा गएर नुहाएँ । पूजाकोठा सफा गरेँ । पूजा गर्ने भाँडा माझेँ। फूल टिपेर ल्याएँ। चन्दनअक्षता बनाएँ । मैले यी कामहरू सक्दा बाबाआमा पनि नुहाएर आउनुभयो। हामी तीन जना बसेर भगवान्लाई पूजा गर्यौं। बाबाले शङ्ख बजाउनुभयो । मैले घन्टी बजाएँ । बाबाआमाले टीका लगाएर आशीर्वाद दिनुभयो। मैले मेरा भगवान्लाई ढोग गरेँ।

म मेरो जन्मदिन यसरी मनाउँछु

..........................................................................................................................

..........................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

**२. तपाईं बाबाआमासँग घुम्न गएको ठाउँको बारेमा एक अनुच्छेद लेख्नुहोस् :**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................



## स्वप्रेरित क्रियाकलाप

**तपाईं नजिकको कुनै पुस्तकालयमा जानुहोस् अथवा https://www.pustakalaya.org/en/ मा गएर आफूलाई मन परेको कुनै पुस्तक पढ्नुहोस् र त्यसबाट बुझेका दश वाक्य लेख्नुहोस् ।**

## स्वमुल्याङ्कन

**१. यो सामग्री पढेर मैले निम्नलिखित कुरा सिकें :**

(क) ...............................................

(ख) ...............................................

(ग) ...............................................

(घ) ...............................................

(ङ) ...............................................

**१. यो सामग्री पढेर मैले निम्नलिखित कुरा सिकें :**

हाम्रा हजुरबा कानमा इयरफोन लगाएर मोबाइलमा रेडियो सुन्नुहुन्छ । रेडियो सुनेकै आधारमा उहाँ सृष्टिको कथा सुनाउनुहुन्छ । पृथ्वी, सूर्य, ढुङ्गा, माटो, पानी, बोटबिरुवा, जीव सृष्टि भएका हुन् । सृष्टिमा व्यवस्थित नियम हुन्छ । नियम भङ्ग हुनासाथ विपत्ति आउँछ । भूकम्प, बाढी, पहिरो यही कारणले आउँछ । पढ्न नजाने पनि रेडियो सुनेरै हजुरबाले यो जानकारी लिइसक्नुभएको छ ।

**३. कापीमा सार्नुहोस् :**

बनेर फूलझैं सधैं<br>
हँसाउनू सुवास दी<br>
सधैं रमाउनू जगत्<br>
रमेर नित्य आश दी ।

**४. मध्य रातमा गाउँमा बाढी आयो भने के गर्नुपर्छ ? पाँच वाक्य लेख्नुहोस् :**

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

**५. तलका शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :**

तयारी : ..........................................

मुसलधारे : ..........................................

देउडा : ..........................................

नाश : ..........................................

वनभोज : ..........................................

तरखर : ..........................................

**६. तलको चित्र हेरेर त्यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् :**



**७. हो वा होइन, छुट्याउनुहोस् :**

| भनाइ | हो | होइन |
|---|---|---|
| पदमबहादुरसँग बोल्यो कि अस्मिताको घरमा रडाको मच्चिन्थ्यो । | | |
| असल स्वास्थ्य नै मानिसको जीवन हो । | | |
| श्रीमान् राजी हुनुभयो भने तरकारीका बिरुवामा म सहयोग गर्छु । | | |
| बतास रातमा सुसेली हाली बयेली खेल्छ । | | |
| आजभोलि रिता बिरालो देख्दा आत्तिन्छिन् । | | |
| घुमफिरबाट मनोरञ्जन मात्र हुन्छ । | | |
| छठ मनाउनेहरुको आस्थापुर्ण रमझम, धान नाच, साकेला सिल्ली, वनभोज खाएको दृश्य चाहिँ चतुरेलाई  त्यति मन परेन । | | |

## मुल्याङ्कन योजना

| सक्षमता | सिकाइ उपलब्धि | मूल्याङ्कन सूचक | स्तर |
|---|---|---|---|
| भाषिक प्रकार्य र भाषाका शब्दभण्डारको प्रयोग | दैनिक व्यावहारिक कार्यकलापसम्बन्धी सोधिएका सरल प्रश्नहरूको उत्तर दिन | » दैनिक व्यवहारमा लेखिएका सुचना तथा वाक्य पढ्न सकेमा<br>» दैनिक व्यवहारमा लेखिएका सुचना तथा वाक्यको अर्थ बोध गर्न र बताउन सकेमा<br>» दैनिक व्यवहारमा लेखिएका सुचना तथा वाक्यमा आधारित भई सोधिएका प्रश्नको उत्तर दिन सकेमा<br>» दैनिक व्यवहारसँग सम्बन्धित सरल प्रश्न सोधी जानकारी लिन सकेमा | १<br>२<br>३<br>४ |
| | विभिन्न भाषिक प्रकार्य प्रयोग गरी छोटा संवाद गर्न | » साथीसँग संवाद गरेमा<br>» साथीसँग निर्धारित विषयमा संवाद गरेमा<br>» दैनिक जीवनमा आधारित सामान्य शब्द प्रयोग गरी साथी वा समुहमा संवाद गर्न सकेमा<br>» अनुभव तथा दैनिक जीवनमा आधारित विषयवस्तुमा सन्दर्भ र परिवेश मिलाएर संवाद गरेमा | १<br>२<br>३<br>४ |
| | दैनिक व्यवहारमा प्रयोग हुने वाक्य पढ्ने, लेख्ने र अर्थ बताउन | » दैनिक व्यवहारमा प्रयोग हुने वाक्य पढ्न सकेमा<br>» दैनिक व्यवहारमा प्रयोग हुने भाषाको प्रयोग गरी साधारण अनुच्छेद लेख्न सकेमा<br>» दैनिक व्यवहारमा प्रयोग हुने भाषामा लेखिएका अनुच्छेद पढी अर्थ बताउन सकेमा<br>» सरल भाषाका अनुछेद शुद्ध रूपमा पठन गरी तिनको मुख्य सन्देश बोध गरी साथीलाई बताउन सकेमा | १<br>२<br>३<br>४ |

२

भाषा र संचार

व्यावहारिक समस्या र समाधान

हाम्रो परिवेश र नागरिक चेतना

जीवन जगत र प्रविधि

स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताका लागि
तयार गरिएको नमुना सिकाइ सामग्री